# पोखरा महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
न्युरोड , पोखरा ।

## औषधी तथा उपकरण खरिद सम्बन्धि  सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

**सूचना नंवर. 17/PMC -075-76**

सूचना प्रकासन मिति: २०७५।०८।१८

यस कार्यालय अर्न्तगतका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा आ.व.२०७५।७६ मा निशुल्क वितरण हुने औषधी तथा जेष्ठनागरिक लक्षित कार्यक्रम अन्तर्गतको औषधि तथा उपकरण सिलवन्दी दरभाउपत्रको माध्यमद्धारा खरिद गर्नु पर्ने भएकोले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र अर्थात २०७५।०९।३ गते कार्यालय समय सम्म यस सुचनामा उल्लेखित सेवा सर्तको अधिनमा रहि इच्छुक इजाजत प्राप्त औषधी तथा स्वास्थ्य सामाग्री विकेता व्यक्ति वा फर्मले पोखरा लेखनाथ महानगरपालिका बाट फिर्ता नहुने गरि रु १०००।- यस कार्यालको रा बा बैंक पृथ्वीचोक  शाखा हि नं **३०२०३०४०१८१०६** जम्मा गरेको सक्कल भौचर पेस गरी यस कार्यालयवाट सिलवन्दी दरभाउपत्र फारम खरिद गरि १६ औ अर्थात २०७५।०९।०४ गते दिनको १२.०० वजे भित्र सिलवन्दी दरभाउपत्र फारम पेश गर्नु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सिलवन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

१) दरभाउपत्र फाराम खरिद गर्न लिखित निवेदन साथ आ.व. २०७५/७६ सम्मको लागि नविकरण गरिएको औषधी व्यवसाय संचालन गर्न पाउने इजाजत पत्र वा फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा मू.अ. कर दर्ता प्रमाणपत्र र आ.व. ०७४/७५ सम्मको कर चुक्ता प्रमाणपत्र समेतका प्रतिलिपि संलग्न राखी प्रोपाइटर स्वयं उपस्थित भई वा आधिकारिक मन्जुरीनामा सहितको प्रतिनिधि पठाई खरिद गर्न सकिनेछ ।

२) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औ दिन (अर्थात २०७५।०९।०४) को १२.०० वजे भित्र यस कार्यालयमा दरभाउपत्र दर्ता गराई सक्नुपर्नेछ । म्यादभित्र दर्ता भएका दरभाउपत्रहरु सोहि दिनको १.०० वजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित रहेमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

३) दरभाउपत्र दाताले धरौटी वापत तपसिलमा उल्लेखित रकम यस कार्यालको रा बा  बैंक पृथ्वीचोक शाखा हि नं **३०२०३०३००७१०६** मा जम्मा गरेको सक्कल बैक भौचर वा कम्तीमा १२० दिन ( दरभाउपत्र दाखिला गर्ने कम्तिमा अन्तिम दिन बाट) म्याद कायम रहेको “क” श्रेणीको  वाणिज्य बैंक बाट यस कार्यालयका नाउंमा जारी भएको बैंक जमानत (विडवण्ड) दरभाउपत्रसाथ संलग्न राख्नु पर्नेछ ।

४) दरभाउपत्र फारामको फोटोकपि गरी पेश गरेको, यस कार्यालयवाट बिक्री नभएको तथा एक व्यक्ति वा फर्मका नाउंमा विक्री भएको दरभाउपत्र फाराम अर्को व्यक्ति वा फर्मको तर्फवाट पेश गरेको, फर्मको तर्फवाट कुनै शर्त राखी पेश गरेको दरभाउपत्रलाई मान्यता दिईने छैन् । साथै म्याद नांघी र रित नपुगी प्राप्त दरभाउपत्र उपर कुनै कारवाही हुने छैन् ।

५) विल अफ क्वान्टिटीजमा उल्लेखित औषधीहरुको परिमाणमा थपघट भएमा दरभाउपत्रदाताले कवोल गरेको दररेटमा उपलब्ध गराउनु पर्नेछ ।

६) आपुर्तिकर्ताले WHO, GMP प्राप्त कम्पनीहरुवाट उत्पादीत औषधीहरु मात्र आपुर्ति गर्नु पर्नेछ । नेपालमा उत्पादित बाहेकका कम्पनीहरुवाट उत्पादित औषधी आपूर्ति गर्नु पर्ने भएमा उक्त कम्पनीहरुको WHO, GMP सर्टिफिकेट अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

७) आपुर्तिकर्ताले आपुर्ति गर्ने औषधिहरु उत्पादन गर्ने कम्पनीको नाम समेत उल्लेख गरी सोही अनुसार प्रत्येक औषधिको नमुना समेत अनिवार्य रुपले छुट्टै सिलवन्दि गरी पेश गर्नुपर्नेछ,। नमुना औषधि पेश नगर्ने आपुर्तिकर्ताको दरभाउपत्र दर्ता गरिने छैन ।

८) आपूर्ति गरिने औषधीको मान्य अवधी मिति (Expiry Date) स्टोर दाखिला भएको दिनवाट कम्तीम १८ महिना वांकी भएको हुनु पर्नेछ र १८ महिना भन्दा कम Expiry Date भएका औषधीको हकमा स्टोर दाखिला मितिले ७५ प्रतिशत म्याद वांकी हुनु पर्नेछ ।

९) आपूर्ति हुने औषधीहरुको स्ट्रीप र वोतलको प्रत्येक प्याकीङ्ग वाहिर उत्पादन मिति, Expiry Date तथा Batch No. र " नि:शुल्क स्वास्थ्य कार्यक्रमका लागी"  भनी अनिवार्य रुपमा प्रिन्ट भएको हुनु पर्नेछ ।

१०) नेपाल सरकारको हितलाई ध्यानमा राखी प्राप्त दरभाउपत्रहरु पूर्ण वा आंशिक स्वीकृत गर्ने वा नगर्ने संपूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११) दरभाउपत्र स्विकृत भई यस कार्यालयले तोकेको अवधि भित्र पटक पटक वा एक पटक औषधि उपलब्ध गराउनु पर्नेछ । आपूर्ति गरिने औषधीहरुको केही अंश वा सम्पूर्ण औषधी वुझाउन नसकेमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ वमोजिम कार्यवाही हुनेछ ।

१२) यस खरिद प्रक्रियाको थप अन्य कुरा प्रचलित खरिद ऐन तथा नियमावली बमोजिम हुनेछ ।

| क. सं | विवरण | ठेक्का नंवर | जमानत रकम | लगत अनुमान |
|---|---|---|---|---|
| १ | अत्यावस्यक तथा जेष्ठ नागरिक लक्षित औषधि तथा उपकरण खरिद | 19-NCB/PLMC/Med/75-76 | १,१८,०००।०० | ४६,९४,७७६।२३ |

प्रमूख प्रशासकीय अधिकृत